# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## चौबीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/०१)
(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२/०९/०५)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०८२ साल मंसिर २९ गते सोमबार बसेको सञ्चालक समितिको ४६९औं बैठकको निर्णय अनुसार संस्थाको २४औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : वि.सं. २०८२ साल पुस २५ गते शुक्रबार (तदानुसार ९ जनवरी, २०२६) ।**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : लिसारा रिसेप्सन्स, नक्साल काठमाडौं ।**

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरु**

१) यस वित्तीय संस्थाको २४औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३) आ.व. २०८१/८२ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजी रु. १ अरब ६५ करोड ६६ लाख २५ हजारमा रु.७ करोड २२ लाख ८७ हजार ५ सय (४.३६३५ प्रतिशत) नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५) सञ्चालक समितिमा भएको स्वतन्त्र सञ्चालक र प्रतिनिधि सञ्चालकको नियुक्ति सम्बन्धमा जानकारी गराउने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व.२०८१/८२ सम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजी रु.१ अरव ६५ करोड ६६ लाख २५ हजारमा रु.९ करोड ३३ लाख ७५ हजार (५.६३६५ प्रतिशत) बोनश शेयर जारी गर्ने ।

(२) हालको जारी तथा चुक्ता पूँजी रु.१ अरव ६५ करोड ६६ लाख २५ हजारमा उपरोक्त बमोजिमको बोनस शेयर जारी भएपछि जारी तथा चुक्ता पूँजी रु.१ अरब ७५ करोड कायम गर्ने ।

(३) हाल कायम रहेको संस्थापक शेयरमध्ये ९ प्रतिशत बिन्दुले हुन आउने संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गरी संस्थापक र सर्वसाधारण शेयरको अनुपात ६०:४० लाई ५१:४९ कायम गर्ने ।

(४) प्रबन्धपत्रको दफा ४, ५(ख), ५(ग), ५(घ), ५ (ङ) र ९(१२) तथा नियमावलीको नियम ८ र ३३ लाई संलग्न तीन महले अनुसार हुने गरी संशोधन गर्ने ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(६) यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ति गर्न उपयुक्त देखेमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु मिति २०८२/०९/०१ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा उल्लिखित भए बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।**

Size : 60cc